नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय

# कोष तथा लेखा नियन्त्रक कार्यालय

सङ्खुवासभा

प.सं. ०८२/८३
चलानी नं. १६८

मिति : २०८२/१२/०८

**विषय : E-Pension सेवा शुरुवात भएको सम्बन्धमा ।**

श्री संखुवासभा जिल्लास्थित सबै सरकारी कार्यालयहरु (सुरक्षा निकाय बाहेक),
निजामती सेवा तथा स्वास्थ्य सेवावाट सेवा निवृत्त हुनुहुने सबै राष्ट्रसेवक कर्मचारीहरु, संखुवासभा ।

उपरोक्त विषयमा राष्ट्रिय किताबखाना (निजामती) ले यहि मिति २०८२ चैत्र ०६ गते देखि E-Pension Service संचालनमा ल्याएकाले यस पश्चात अवकाश प्राप्त राष्ट्रसेवक कर्मचारीहरु (सुरक्षा निकाय बाहेक) लाई राष्ट्रिय किताबखाना (निजामती) बाट प्रदान हुने सेवाहरु जस्तै निवृत्तभरण अधिकारपत्र (पेन्सन पट्टा) बनाउने, औषधी उपचार वापतको सुविधा निर्धारण पत्र, संचित घर विदा र विरामी विदा वापतको सुविधा निर्धारण पत्र तथा संचित विदाको रकम एकिनको पत्र जारी गर्ने जस्ता कार्य जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयवाटै लिन सकिने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ । उपर्युक्त सेवाहरु लिनको लागि निम्न कागजातहरु यस कार्यालयमा पेश गर्नु पर्नेछ । सो सम्बन्धमा थप जानकारीको लागि यस कार्यालयमा सम्पर्क गर्नहुन अनुरोध छ ।

(चिरञ्जीवी अधिकारी)
चिरञ्जीवी अधिकारी
प्रमुख कोष नियन्त्रक

**आवश्यक कागजातहरु**

क. कार्यालय प्रमुखद्वारा प्रमाणित अनुसूची १७ क ।
ख. अवकाश/राजीनामा स्वीकृत भएको पत्रको प्रतिलिपी ।
ग. शुरु नियुक्ति पत्रको प्रतिलिपी ।
घ. निवृत्तभरण अधिकार पत्र/ उपदान बनाइदिने व्यहोराको सिफारिस पत्र । (सफिरिस पत्रमा : अध्ययन विदा, असाधारण विदा, संचित घर र विरामी विदा, गयल कट्टी, विभागीय कारवाहीको व्यहोरा, बरबुझारथ, औषधी उपचार सुविधा लगायतका विवरण खुलेको हुनुपर्ने । )
ङ. विभिन्न पद वा श्रेणी तहमा भएको बढुवा/स्तर वृद्दि/तह मिलानको पत्रहरु ।
च. नोकरी जोडेको भए जोडेको पत्रको प्रतिलिपी ।